नेपाल सरकार
अर्थ मन्त्रालय
# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

प.सं.:- ०८०।८१
च.नं.:- ६६४

मितिः २०८१/०१/१६

श्री क,ख,ग वर्गका बैंक तथा वित्तीय संस्था सबै,

विषय : हिसाव समायोजन तथा राफसाफ सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट निष्कासित ट्रेजरी विल तथा विकास ऋणपत्र बोलकबोल गरी बाँडफाँट प्रक्रियाद्धारा स्वीकृत भएको रकमको सम्बन्धमा हिसाव समायोजन तथा राफसाफ प्रक्रियालाई सहज बनाउन यसै पत्रसाथ संलग्न मन्जुरीपत्र बमोजिमको मन्जुरीनामा नेपाल राष्ट्र बैंक बैङ्किङ विभागलाई मिति २०८१/०१/१७ गते भित्र उपलब्ध गराई यस कार्यलयलाई समेत जानकारी दिन हुन निर्देशानुसार अनुरोध छ ।

२०८१/०१/१६

डिलाराम गिरी
उपसचिव

फोन नं. : ०१-४५३८३५८, ०१-४५३८३५९, इमेलः info@pdmo.gov.np

मिति : २०८१/....../......

श्रीमान कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
बैंकिंग विभाग,
बालुवाटार, काठमाडौँ, नेपाल ।

विषय : **मञ्जुरीपत्र**

महोदय,

उपरोक्त सम्बन्धमा, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्काशित आन्तरिक ऋणपत्रहरुमध्ये ट्रेजरी बिल तथा विकास ऋणपत्रमा बोलकबोल गरी बाँडफाँट प्रक्रियाद्वारा स्वीकृत भुक्तान गर्नुपर्ने कुल बोल रकम (Net Paid Amount) सार्वजनिक ऋण कार्यालयको पत्रबमोजिम यस संस्थाको नेपाल राष्ट्र बैंकमा कायम रहेको खाता नं ........................................................................मार्फत् आवश्यकता अनुसार खर्च गरी बोलकबोल सूचनामा उल्लेखित खातामा जम्मा गर्ने र तत्पश्चात् सरकारको वित्तीय आम्दानी खातामा जम्मा हुने गरी उक्त कारोबारको हिसाबमिलान गर्न नेपाल राष्ट्र बैंकलाई यस संस्थाको मञ्जुरी रहेको व्यहोरा अनुरोध छ ।

साथै, ऋणपत्र बोलकबोल सूचनामा तोकिएको समयभित्र स्वीकृत कुल रकमको व्यवस्था गर्न नसकेको अवस्थामा सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को दफा नियम १० (७) बमोजिमको अर्नेष्ट मनी वापतको रकम जफत हुने गरी यस संस्थाको माथि उल्लिखित खाताबाट खर्च गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सम्बन्धित खातामा जम्मा गर्न समेत यस संस्थाको मञ्जुरी रहेको व्यहोरा अनुरोध छ ।

भवदीय

सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट खाता सञ्चालन गर्ने अख्तियार प्राप्त अधिकृतहरुको
दस्तखत नमुना

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौं ।

२. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ